*Humanities and Social Sciences Journal,* Volume 14, Number 2, 2023, pp. 107–115

# मैना गीतिकाव्यमा वर्णविन्यास वक्रता

**डा. विनोद कार्की** *

## सारसङ्क्षेप

प्रस्तुत लेखमा लक्ष्मीप्रसाद देवकोटाको मैना गीतिकाव्यमा वर्णविन्यास वक्रताको स्थितिलाई कुन किसिमले विश्लेषण गर्न सकिन्छ भन्ने प्रमुख जिज्ञासा खडा गरिएको छ । त्यसलाई संस्कृत काव्यशास्त्र अन्तर्गतकुन्तकको वक्रोक्तिवादी सौन्दर्यका छ भेदमध्ये वर्णविन्यास वक्रता पहिलो भेदले मूलतः व्यञ्जन वर्णमा आधारित तथा व्यञ्जनबाट बनेको अक्षरको कवित्वयुक्त अभिव्यक्तिमा हुने आवृत्तिद्वारा चमत्कार उत्पन्न गर्छ भन्ने मान्यतालाई काव्य विवेचनाको आधार बनाइएको छ । यस अध्ययनले समालोचनामा वक्रोक्ति सौन्दर्यको अवस्था पहिचान गर्न सहयोग पुग्नेछ । यस लेखमा पुस्तकालयीय विधिबमोजिम लक्ष्मीप्रसाद देवकोटाको मैनागीतिकाव्यलाई प्राथमिक स्रोत सामग्री र वक्रोक्ति चिन्तनसँग सम्बद्ध ज्ञानमूलक समालोचनाहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ ।विश्लेषण गर्दा निगमनात्मक विधिलाई अवलम्बन गरिएको छ । मैना गीतिकाव्यमा लोग्ने स्वास्नीको बेमेलबाट लोग्नेको हत्या, देवरसँगको यौन सम्बन्ध सार्वजनिक हुने डरले छोरीको समेत हत्यालाई देखाएर देवर भाउजू नरकमा परेको सन्देशसँगै वियोगान्त अवस्थालाई प्रस्तुत गर्ने क्रममा वर्णविन्यास वक्रताको चामत्कारिक प्रयोगले काव्य भाषिक रमणीयता र लय माधुर्यले विशिष्ट छ भन्ने निष्कर्ष निकालिएको छ ।

***शब्दकुन्जी :*** अन्धविश्वास, नरकवास, यौन क्रीडा, वासनात्मक प्रेम

## विषय परिचय

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका एक विशिष्ट व्यक्तित्व हुन् । उनले नेपाली साहित्यलाई आजको अवस्थामा ल्याउन प्रायः सबै विधाका कृति सृजना गरेर योगदान पुऱ्याएका छन् । आफ्नो पचास बर्से छोटो उमेरको सदुपयोग गर्दै देवकोटाले सृजनामा सौन्दर्य चिन्तनलाई सचेततापूर्वक प्रयोग गरेर फुटकर कवितादेखि महाकाव्यसम्म सृजना गरेका छन् । काव्य, निबन्ध, आख्यान, नाटक, समालोचना जस्ता अनेक विधामा कलम चलाएका देवकोटा साहित्यिक पत्रकारिता जगत्का पनि विशिष्ट व्यक्तित्व हुन् । नेपाली साहित्यको लेखन परम्परालाई उनले प्रारम्भमा स्वच्छन्दतावादी धाराको र पछिल्लो चरणमा प्रगतिवादी धाराको पक्षपोषण गरेको पाइन्छ । नेपाली साहित्यको विकास परम्परामा थुप्रै मेधावी, जाँगरिला साधकको नाम लिन सकिन्छ । त्यसो त नेपाली साहित्यको आधुनिक काललाई देवकोटा युगका नामले पनि पुकारेको पाइन्छ । यसै सन्दर्भले देवकोटाको विशिष्टताको परिचय दिन्छ ।

लक्ष्मीप्रसाद देवकोटाले आफ्नो बनारसकाल (२००२-२००६)मा अतिप्राकृत सन्दर्भलाई

* *उपप्राध्यापक, नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल ।*

*इमेल : binodmanjan@gmail.com*

मनोवैज्ञानिक आयाम प्रदान गरी प्राकृत बनाउने स्वच्छन्दतावादी काव्य मान्यता र नैतिक चेतलाई आत्मसात् गरिएको एउटा गीतिकाव्य मैना पनि हो । लोकप्रिय यस काव्यको रचना काल २००४ र प्रकाशन काल २०३९ उल्लेख पाइन्छ । नेपाल प्रज्ञा प्रतिष्ठानले मैना (लक्ष्मीप्रसाद देवकोटाका सात अप्रकाशित काव्य कृति) छापेको जानकारी प्राप्त हुन्छ । यसैलाई आधार मानेर हेर्दा देवकोटाको मैनामा लामा छोटा गरेर क्रमशः कदेखि चसम्म (१८ + ५ + २१ + ४ + १० + १३) जम्मा ७१ ओटा श्लोकहरू रहेका छन् भने चार ओटा श्लोकहरू पाँच हरफे छन् । लोकलयमा रचना गरिएका श्लोकहरू विशिष्ट कवित्वले भरिएका छन् । यस मैना गीतिकाव्यमा मूल कथ्यका रूपमा छ्याके लोग्ने र स्वास्नीको बेमेलबाट लोग्नेको हत्या स्वास्नीले नै गर्नु, देवर भाउजूको यौन सम्बन्ध छोरीले देखेपछि सार्वजनिक हुने डरले छोरीको समेत हत्यालाई देखाएर देवर भाउजू नरकमा परेको सन्देशसँगै वियोगान्त अवस्थालाई प्रस्तुत गर्ने क्रममा वासनात्मक प्रेममा भोगेका पीडालाई अभिव्यक्त गरिएको छ । वासनात्मक सुखका लागि देवरसँग सहवास गर्न पछि नपर्ने मैनाको जीवन दर्शनलाई चित्रण गरिएको छ । भयानक, करुण र वीरभावका साथै मुख्य रूपमा शृङ्गार भावलाई प्रकट गर्ने यस गीतिकाव्यमा आत्मिक प्रेम र प्राकृतिक जीवन पद्धतिमा आस्था राख्ने स्वच्छन्दतावादी जीवन दृष्टिलाई मुख्य विचार र केन्द्रीय कथ्यका रूपमा समेत व्यक्त गरिएको छ (अवस्थी,२०६१, पृ.२९६) । वियोगान्त काव्यका रूपमा मैना लोकप्रिय बनेको छ । अन्य ढङ्गले यस काव्यको अध्ययन भएको भए पनि वर्णविन्यास वक्रताका कोणबाट अनुसन्धान नभएकाले यसै सन्दर्भमा वक्रोक्तिवादका मान्यतामा आधारित भएर मैना गीतिकाव्यको विवेचना गर्नु औचित्यपूर्ण छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानात्मक लेखको प्राज्ञिक जिज्ञासा समाधान गरी निष्कर्षमा पुग्नका लागि पुस्तकालयीय विधिबाट प्राथमिक स्रोत सामग्रीका रूपमा लक्ष्मीप्रसाद देवकोटाको मैना गीतिकाव्यको प्रयोग गरिएको छ । द्वितीयक सामग्रीका रूपमा वक्रोक्ति सम्बद्ध ग्रन्थहरूलाई उपयोग गरिएको छ । यस अनुसन्धानात्मक लेखमा लक्ष्मीप्रसाद देवकोटाको मैना गीतिकाव्यलाई एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, वर्गान्तयोगी स्पर्श वर्णविन्यास वक्रता, तलनादि वर्णविन्यास वक्रता, रकारादि वर्णविन्यास वक्रता, यमक/यमकाभास वक्रता उपशीर्षकहरूमा विभक्त गरिएको छ । वक्रोक्तिवादका आधारमा दृष्टान्तसहित काव्यको विश्लेषण गरी निष्कर्ष निकालिएकाले अनुसन्धानात्मक विधि निगमनात्मक रहेको छ ।

## सैद्धान्तिक पर्याधार

कुन्तकले अपूर्व मौलिक प्रतिभाको परिचय दिनुका साथै युग विधायक काव्यशास्त्रीय सिद्धान्तको स्थापना गरेका छन् । उनले काव्यको आत्मा वक्रोक्तिलाई मानेका छन् । वक्रोक्तिवादका प्रवर्तक कुन्तकको अर्को नाम कुन्तल पनि हो (रुद्रट, सन् २०१० पृ. ४३) । कुन्तकले वक्रोक्तिलाई स्थापित गर्नका लागि ध्यान्यालोक को समेत आलोचना गरेका छन् । कुन्तकले वक्रोक्तिका विभिन्न भेदोपभेदको विस्तारपूर्वक विवेचना गरेका छन् । वक्रोक्ति अलङ्कारको रूपमा नभई व्यापक काव्यसिद्धान्तका रूपमा स्थापित भएको छ (सहाय, सन् २००२ पृ. १४४) । कुन्तकको सुप्रसिद्ध ग्रन्थ वक्रोक्तिजीवितम् काव्यशास्त्रीय परम्परामा विशेष उपलब्धि हो । कुन्तकका अनुसार काव्य त्यस्तो कवि कौशलपूर्ण

रचना हो जसमा आफ्नो शब्दसौन्दर्यको सामञ्जस्यताद्वारा काव्य मर्मज्ञलाई आह्लाद प्रदान गर्दछ । कुन्तकले धर्मादि चतुर्वर्गको प्राप्ति शिक्षा, व्यावहारिक सुन्दर रूपको प्रगति एवम् लोकोत्तर आनन्दको उपलब्धिलाई प्रयोजन मानेका छन् (१/५) । काव्यको प्रयोजनका लागि पनि वक्रोक्तिले भूमिका निर्वाह गर्छ । प्रसिद्ध कथनभन्दा भिन्न प्रकारको विचित्र वर्णनशैली नै वक्रोक्ति हो ।

वक्रोक्तिका बारेमा आचार्य कुन्तकले वक्रोक्तिजीवितम् नामक कृतिमा लोकोत्तर चमत्कारकारि वैचित्र्य सिद्धये । काव्यस्यायमलङ्कारः कोऽप्यपूर्वो विधीयते (१/२)भनेर उल्लेख गरेका छन् । अर्थात् वक्रोक्ति भनेको लोकप्रचलित अथवा प्रसिद्ध भनाइभन्दा फरक किसिमको अर्कै वैचित्र्यपूर्ण कथन हो । शब्द र अर्थलाई काव्यको शरीरका रूपमा ग्रहण गर्ने कुन्तकले वक्रोक्तिलाई अलङ्कारसँग समन्वित गरेर हेरेका छन् । उनले अगाडि वक्रोक्तिजीवितम् कृतिमा शब्दार्थौ सहितौ वक्रकविव्यापारशालिनी । वन्दे व्यवस्थितौ काव्यं तद्विदाह्लादकारिणी(१/७/) भन्ने उल्लेख गरेका छन् । काव्यको सार नै वक्रोक्ति भएको कुरालाई कुन्तकले केन्द्रमा राखेको पाइन्छ । वक्रोक्तिजीवितम् कृतिमा कुन्तकले उभावेतावलङ्कार्यौ तयोः पुनरलङ्कृतिः । वक्रोक्तिरेव वैदग्ध्यभङ्गीभणितिरुच्यते । (१/१०)भनेर अभिव्यक्ति गरेका छन् । सहृदयजनलाई आनन्द दिने शास्त्रीय रूपमा शब्द र अर्थले चामत्कारिक, वक्रोक्तिमय व्यवस्थित पदरचना नै काव्य हो । कवि कर्मकौशलले वक्रोक्तिलाई जीवन्तता प्रदान गरेको छ । वक्रोक्ति असाधारण किसिमको विशिष्ट कथन हो र यो कविप्रतिभाजनित रचनाकौशलबाट उत्पन्न हुने सौन्दर्य छटामाथि आश्रित छ । यसै क्रममा कुन्तकले शब्दार्थौ सहितावेव प्रतीतौ स्फुरताः सदा । सहिताविति तावेव किमपूर्वं विधीयते (१/१६) । लेखेका छन् । जुन शब्द र अर्थ सधैँ स्फुरित भएर चामत्कारिक रूपमा प्रकट हुन्छ त्यही चामत्कारिक शब्द र अर्थ नै काव्य हो जसले अपूर्व विधानलाई देखाउँछ । वक्रोक्तिले काव्यको आत्मालाई जीवन्त बनाउनुका साथै अर्थयुक्त पनि बनाउँछ । वक्रोक्तिजीवितम्मा कुन्तकले वाच्यवाचकवक्रोक्तित्रितयातिशयोत्तरम् तद्विदाह्लादकारित्वं किमप्यामोदसुन्दरम् (१/२३) । भनेर उल्लेख गरेको भेटिन्छ । वाच्य, वाचक र वक्रोक्ति तीन पक्षाको उत्कर्षभन्दा भिन्न कुनै अलौकिक रोमाञ्चकताले रमणीय काव्यमर्मज्ञलाई आह्लादित बनाउने योग्यता वक्रोक्तिवादमा हुन्छ । वक्रोक्तिवादी आचार्य कुन्तकले वक्रोक्तिलाई काव्यको आत्माका रूपमा स्थापित गरेका छन् । कविकर्म, कविकौशल र कवि कार्यव्यापारलाई चमत्कारपूर्ण ढङ्गले प्रचलित कथनभन्दा फरक ढङ्गको अभिव्यक्ति दिनु नै वक्रोक्तिको विशेषता हो। वक्रोक्तिजीवितम् नामक ग्रन्थमार्फत ध्वनिवादको आलोचना र वक्रोक्तिवादको स्थापना गर्न सफल कुन्तकले संस्कृत काव्यशास्त्रीय मान्यताको शृङ्खलामा सालङ्कार शब्दार्थको काव्य मान्ने कुन्तकले काव्यशास्त्रको विकासमा एउटा आयाम थपेका छन् ।

एक हिसाबले समान्य रूपमा वक्र उक्ति वा बाङ्गो भनाइ नै वक्रोक्ति हो । काव्यमा सङ्कुचित र व्यापक अर्थमा यसको प्रयोग हुन्छ । सङ्कुचित अर्थमा वक्रोक्ति भनाइलाई बाङ्गो खेद्ने ठट्यौली र वाक्छल मात्र हो, जसमा रमरम हास्य पनि मिसिएको हुन्छ । यस्ता ठट्यौली र वाक्छल विशेष गरेर अर्थको बाह्य सजावटमा भर पर्दछन् । व्यापक अर्थमा वक्रोक्ति विशिष्ट साहित्य हो जसमा ध्वनि, रस, अलङ्कार आदि सबै समेटिएका हुन्छन् (अधिकारी, २०५०,पृ. ११३) । वक्रोक्ति शब्दको प्रयोग भामहले गरेका भए पनि वक्रोक्तिवादको स्थापना आचार्य कुन्तकले गरेका हुन् । वक्रोक्तिजीवितम्मा असाधारण भनाइ विशेषलाई वक्रोक्तिको संज्ञा दिई विस्तृत व्याख्या गर्नु कुन्तकको मौलिकता हो

(रिसाल, २०५८, पृ. ६) । अलङ्कारवादलाई नीवनता प्रदान गर्न अभिव्यञ्जनाको नयाँ माध्यमका रूपमा वक्रोक्तिवादलाई लिनुपर्छ । संस्कृत काव्यशास्त्रका परम्परामा वक्रोक्तिले आफ्नै छाप छोडेको छ ।

वक्रोक्तिका बारेमा अन्य आचार्यहरूले पनि आफ्नो अभिमत प्रकट गरेका छन् ।गहिरिएर हेर्ने हो भने वक्रोक्ति केवल वाक्चातुर्य अथवा उक्ति चमत्कार मात्रै होइन, यो त कविव्यापार अथवा कविकौशल पनि हो । वक्रोक्तिका परिभाषा गर्ने क्रममा विभिन्न आचार्यहरूले आआफ्ना मत प्रस्तुत गरेका छन् । भामहले सैषा सर्वैव वक्रोक्तिरनयाऽर्थो विभाव्यते । यत्नोऽस्यां कविना कार्यः कोऽलङ्कारोऽनया विना ।। (२/८५) । भनेर उल्लेख गरेका छन् । त्यो वक्रोक्ति सर्वत्र रहन्छ, यसद्वारा अर्थको विभावन हुन्छ, कविले यसको सृष्टिको लागि प्रयत्न गर्नुपर्छ । यसविना कुनै अलङ्कार हुँदैन । अर्थात् वक्रोक्ति भावानुभूतिमा सहायक हुन्छ र यो सम्पूर्ण अलङ्कारहरूको मूल हो, लोकको सामान्य वचनभन्दा उच्चतर र विलक्षण उक्ति वक्रोक्ति हो । दण्डीले काव्यादर्शमा श्लेषः सर्वासु पुष्णाति प्रायः वक्रोक्तिषुश्रियम् । द्विधा भिन्नं स्वभावोक्तिर्वक्रोक्तिश्चेति वाङ्मयम् ।। (दण्डी, २/२६२) भनेर लेखेका छन् । प्रायः समस्त वक्रोक्तिहरूमा श्लेषले शोभा बढाउँछ । सम्पूर्ण वाङ्मय स्वभावोक्ति र वक्रोक्ति दुई भेदमा विभक्त छ । उनले भामहकै परिभाषालाई स्वीकारेको देखिन्छ । वामनले सादृश्याल्लक्षाणा वक्रोक्तिः (४/८) भनेर उल्लेख गरेका छन् । अर्थात् सादृश्यमा आश्रित लक्षाणा नै वक्रोक्ति हो । अग्निपुराणमा ऋजूक्ति र वक्रोक्तिको चर्चा गरिएको छ अनि भनिएको छ उक्तिको एक भङ्गिमा वक्रोक्ति हो । काकुले गर्दा त्यो दुईथरि हुन्छ (व्यास, ३४२/३२-३३) । वक्ताले भनेका कथनलाई श्लेष वा काकुको जोडले श्रोताले अर्कै अभिप्रायको रूपमा ग्रहण गर्नु वक्रोक्ति हो । वक्रोक्तिविना काव्य वार्ता बन्छ, वक्रोक्ति अलङ्कारकै चमत्कार हो । कविप्रतिभाको संयोगबाट उक्तिचमत्कारले वक्रोक्तिको जन्म हुन्छ (उपाध्याय, २०४९ : २८९) अतिशयोक्तिमा समेत कथन चमत्कारले वक्रोक्तिलाई प्रतिष्ठा प्रदान गर्छ ।

कुन्तकले आफ्नो कृतिवक्रोक्तिजीवितम्मा वक्रोक्तिका छ भेदहरू प्रस्तुत गरेका छन्: वर्णविन्यासवक्रता (वर्णावृत्ति, अनुप्रास, गुणावृत्ति, रीतिर यमकादि), पदपूर्वार्धवक्रता (रुढिवैचित्र्यवक्रता, पर्यायवक्रता, उपचारवक्रता, विशेषणवक्रता, संवृत्तिवक्रता, वृत्तिवक्रता, भाववैचित्र्यवक्रता, लिङ्गवैचित्र्यवक्रता, क्रियावैचित्र्यवक्रता), प्रत्ययवक्रता, (कालवैचित्र्यवक्रता, कारकवक्रता, सङ्ख्यावक्रता (सहजा र आहार्या), पुरुषवक्रता, उपग्रहवक्रता, पदवक्रता), वाक्यवक्रता, प्रकरणवक्रता, प्रबन्धवक्रता (मूल रस परिवर्तनवक्रता, समापनवक्रता, कथाविच्छेदवक्रता, आनुषङ्गिकफलवक्रता, नामकरणवक्रता, तुल्यकथावक्रता) (१/१९-२०) । वक्रोक्ति सिद्धान्तले काव्यको आन्तरिक सम्पूर्ण चमत्कारको निरूपण गर्छ । यो सिद्धान्त सूक्ष्म, व्यापक र सर्वाङ्गीण छ ।

प्राज्ञिक सभ्यतामा संस्कृत काव्यशास्त्रको विकासक्रममा कुन्तकद्वारा प्रतिपादित वक्रोक्तिवाद एउटा प्रमुख साहित्यसिद्धान्तमानिन्छ । कुन्तकद्वारा स्थापित वक्रोक्तिका बारेमा भामहले पनि सामान्य उल्लेख गरेका छन् । यसलाई विकसित तुल्याउन रुय्यक, अभिनवगुप्त, भोजराज आदि आचार्यहरूले योगदान गरेका छन् । सूक्ष्म, व्यापक र सर्वाङ्गीण रूपले काव्यको आन्तरिक सम्पूर्ण चमत्कार वक्रोक्तिले गर्ने देखिन्छ । अभिव्यक्ति र सम्प्रेषणको चामत्कारिक प्रस्तुतिलाई वक्रोक्तिले देखाउँछ ।

शास्त्रीय दृष्टिले काव्यसृजनामा वक्रोक्तिवादलाई शरीर पक्षमा राखिएको छ । कविप्रतिभाको संयोग र उक्तिवैचित्र्यबाट वक्रोक्तिको जन्म हुन्छ । काव्यमा चमत्कारले प्राणत्वमा समेत प्रभाव पार्दछ । कुन्तकको ध्यान भाषा, शैली र रचनाशिल्पमा रहेकाले वक्रोक्तिमा रस, ध्वनि र अलङ्कार उत्पन्न हुन्छ । आलोचकहरूका मतको खण्डन गर्दै अगि बढेको वक्रोक्तिको योगदान महत्त्वपूर्ण छ त्यसैले काव्यशास्त्रमा वक्रोक्तिवादको विशेष स्थान छ ।कुन्तकले वर्णविन्यास वक्रता आरम्भमा तीन किसिमको माने तापनि पछि त्यसमा विस्तार गरेको पाइन्छ । जस अनुसार एक वर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, वर्गान्तयोगीस्पर्श वर्णविन्यास वक्रता, तलनादि वर्णविन्यास वक्रता, रकारादिवर्णविन्यास वक्रता,यमक/यमकाभास वक्रता रहेका छन् । यसैका आधारमा लक्ष्मीप्रसाद देवकोटाको मैना गीतिकाव्यमा वर्णविन्यास वक्रताको विश्लेषण गरिएको छ ।

**मैना गीतिकाव्यमा वर्णविन्यास वक्रता**

लक्ष्मीप्रसाद देवकोटाको लोकप्रिय गीतिकाव्य मैना २०३९ सालमा प्रकाशित भएको हो । यस गीतिकाव्यलाई लय माधुर्य बनाउन, भाषिक रमणीयता प्रदान गर्न र श्रुतिमधुर तुल्याउन कवितात्मक कथनका वर्णविन्यास वक्रताले सहज आड दिएका छन् । विवाह, असन्तुष्टिको धरातलमा लोग्ने र बच्चाको हत्यासम्म पुगेको कथानकमा आक्रोश अभिव्यक्तिका क्रममा पनि वर्णविन्यास वक्रताले काव्यलाई सौन्दर्ययुक्त बनाउनलाई सहयोग गरेको छ । देवरसँगको प्रेमलाई विकल्पका रूपमा प्रस्तुत गरिएको भएतापनि धर्म विपरीत भएकाले वियोगान्त अवस्थामा टुङ्ग्याइएको मैना गीतिकाव्यले सामाजिक अवस्था र पारिवारिक प्रस्तुतिलाई देखाउँदै व्यक्ति मनको अवस्थाको समेत गहिरो ढङ्गले अभिव्यक्ति गर्ने क्रममा आएका कवितात्मक उद्गारहरूले सहज वर्णविन्यास वक्रताका विभिन्न आयामहरूलाई प्रकट गरेको पाइन्छ । वियोगान्त भएर पनि भविष्यप्रति आशावादी सङ्केत गरेको मैना गीतिकाव्यमा प्रस्तुत वर्णविन्यास वक्रतालाई दृष्टान्तसहित तल विवेचना गरिएको छ :

**एक वर्णविन्यास वक्रता**

देवकोटाको मैना गीतिकाव्यमा कवित्वयुक्त अभिव्यक्तिमा एक वर्णविन्यास वक्रता यत्रतत्र छरिएर रहेका छन् त्यसमध्ये:

हन्सनीलाई मासुको पूजा रगतको तिहार ।
उल्लाई खालि रिझाए पुग्छ संसारको जुहार (क:१६) ।।

माथिको कवितांशमा 'र' व्यञ्जनवर्णका आवृत्तिले वक्रताको सौन्दर्य उत्पन्न गरेको छ । यस एक वर्णविन्यास वक्रताले अभिव्यक्तिलाई लययुक्त बनाउन र सुमधुर तुल्याउन व्यञ्जनवर्णले विशेष भूमिका निर्वाह गरेको छ ।

मैना गीतिकाव्यमा एक वर्णविन्यास वक्रताकै अर्को दृष्टान्तका रूपमा तलको कवितात्मक अभिव्यक्तिलाई हेरौँ:

फुटेर खप्पर वज्रले चिरी देवर मरे ती ।
भाउजु मरिन् बटारी पापले नरकमा झरे ती (च:१३) ।।

माथिको भनाइले भाउजू मैना र देवर कृष्णको अधर्मी सम्बन्धको पटाक्षेप भएको कुरालाई प्रस्तुत गरेको छ । पाप धुरीबाट कराउँछ भन्ने उखानको चरितार्थ गर्दै मैनाले देवर कृष्णसँग प्रेम कायम गर्न लोग्नेको हत्या गरेकी र देवरसँगको लसपस छोरी मिनीले देखेपछि उनको समेत हत्या गरेकाले मैना दाह्रा किटेर मरेकी र कृष्ण पनि खप्पर फुटेर मरी नरकमा परेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । माथिको कवितांशमा पनि 'र' व्यञ्जन वर्णको आवृत्तिले अभिव्यक्तिलाई लयको चमत्कारमा उनेको छ ।

**द्विवर्णविन्यास वक्रता**

मैना खण्डकाव्यमा कवित्वले भरिएका द्विवर्णविन्यास वक्रता कतै कतै भेटिन्छन् । यस गीतिकाव्यमा पाइने द्विवर्णविन्यास वक्रताको दृष्टान्त:

हो नानी छोरी नक्कले गोरी सात सागर त्यहाँ छन् ।
हरियो झयाउ, हरियो पानी लालफेदी जहाँ छन् (क:३) ।।

प्रस्तुत अभिव्यक्तिमा छोरीको सौन्दर्य वर्णन गर्ने क्रममा 'ह' र 'न' व्यञ्जन वर्णको आवृत्तिले द्विवर्णविन्यास वक्रतालाई देखाएको छ । जसका कारण कवितात्मक लय सौन्दर्यले कथनलाई प्रभावकारी रूपमा लययुक्त बनाएर श्रुतिमधुर समेत बनाएको छ ।

देवकोटाको मैना काव्यमा द्विवर्णविन्यास वक्रताकै अर्को दृष्टान्तका रूपमा:

बिछ्यौनालाई माछाको बुट्टे तन्नाले कसेर ।
सिरकलाई राखिन् नागबेली पारी बान्किलो जडेर (ग:१३) ।। लाई लिन सकिन्छ । यस सन्दर्भले बिछ्यौना मिलाउने कलाको पारख गरेको छ । यही कवितात्मक अभिव्यक्तिको गरिमा बढाउनका लागि 'ब' अनि 'र' व्यञ्जनवर्णले लय चमत्कार उत्पन्न गरेका छन् । द्विवर्णविन्यास वक्रताले काव्यलाई सुमधुर बनाएको छ ।

**बहुवर्णविन्यास वक्रता**

मैना गीतिकाव्यमा बहुवर्णविन्यास वक्रता धेरै ठाउँमा भेटिन्छन् । देवकोटाको यस काव्यमा सहज रूपमा आरम्भदेखि अन्त्यसम्म नै कवितात्मक अभिव्यक्तिमा बहुवर्णविन्यास वक्रताले सौन्दर्य बढाएको छ । मैना गीतिकाव्यको गरिमा बढाउनका लागि पृथक् पृथक् ढङ्गले सुरुचिपूर्ण किसिमले प्रयोग भएका बहुवर्णविन्यास वक्रताको उल्लेखनीय भूमिका रहेको छ । यस काव्यका केही बहुवर्णविन्यास वक्रतायुक्त कवित्वले भरिएका अभिव्यक्तिका दृष्टान्तहरू यस प्रकार छन् :

त्यो दिनको राती दान गर्न भनी किनेका रङ्गीन ।
रेशमी सारी शृङ्गार भारी गरेर जतन (ग:५) ।।

माथिको कवितांशले मैनाले लोग्नेको हत्या गरेपश्चात् सामाजिक संस्कार अनुसार गर्न नहुने सिँगारपटार गरेको सन्दर्भलाई प्रस्तुत गर्ने क्रममा 'त','न','र','ग' अनि 'स' पटक पटक आवृत्ति भएर बहुवर्णविन्यास वक्रता प्रकट भएको छ । यस किसिमको आवृत्तिले देवकोटाको सहज वर्णविन्यास वक्रता सृजना गर्ने शक्ति थियो भन्ने कुरालाई देखाएको छ भने गीतिकाव्यको भाषिक रमणीयता र श्रुतिमधुर लययुक्त चमत्कार पनि उत्पन्न गरेको छ ।

गीतिकाव्य मैनामा बहुवर्णविन्यास वक्रताको अर्को थप दृष्टान्तका रूपमा:

बिछ्यौउनामाथि लडाइन देवर ती बने कमजोर ।

पुरुषको बाँकी बल हरिदिइन् चुम्बनले बिजोड (ग:१७) ।। रहेको छ । यस कवितांशमा भाउजू मैनाले देवर कृष्णलाई यौनक्रीडाका लागि बाध्य पारेको सन्दर्भलाई अभिव्यक्त गरिएको छ । यही कवितात्मक अभिव्यक्तिका क्रममा 'ब','क' र 'न' बहुव्यञ्जनवर्णको आवृत्ति पटक पटक भएर काव्यमा चमत्कार उत्पन्न भएको छ ।

**वर्गान्तयोगीस्पर्श वर्णविन्यास वक्रता**

माधुर्य एवम् ओज गुणलाई सौन्दर्ययुक्त अभिव्यक्तिमा प्रस्तुत गर्ने वर्गान्तयोगीस्पर्श वर्णविन्यास वक्रता मैना गीतिकाव्यमा केही स्थानमा पाइन्छ । एउटा दृष्टान्त:

त्यसपछि केही झसङ्ग बनिन् मैना ती सिरिङ्ग ।

आँगमा लाग्यो अनौठा हावा मन भो झसङ्ग (च:१) ।।

प्रस्तुत कवितांशमा प्रयुक्त झसङ्ग, सिरिङ्ग, झसङ्ग शब्दमा 'ग' स्पर्श वर्णको 'ङ' वर्गान्त वर्णसँगको सम्बन्ध र आवृत्तिले वक्रता देखिएको छ । त्यसो त यसै कवितांशमा उच्चारणका दृष्टिले नेपाली भाषाका 'त' वर्गको, 'ट' वर्गको र 'च' वर्गको वर्गान्त वर्ण 'न' र 'प' वर्गको वर्गान्त वर्ण 'म'को आवृत्तिले पनि काव्यलाई ओजपूर्ण तुल्याएको छ ।

**तलनादि वर्णविन्यास वक्रता**

सरल, सुन्दर तथा मन छुने तलनादि वर्णविन्यास वक्रता शब्द शय्याका माध्यमबाट प्रसाद गुणसँग सम्बन्धित हुन्छ । मैना गीतिकाव्यमा यस्ता प्रसङ्गहरू केही स्थानमा छन् । एउटा दृष्टान्त यस प्रकार छ:

एकदिन थियो कृष्ण र राधाप्यारीको लीलन ।

मीनीलाई लाग्यो अनौठा भोक हात गल्यो खेलन ।।

पसीना आयो चिटचिट त्यसै दुखेछ कलेजा ।

आमाले गाली, गाली नै गल्छे

भनेर रोइन् बुवालाई सम्झी

टुहुरी मनधूजा (ङ:१) ।।

माथिको सन्दर्भमा 'त','थ','द','ध','न' व्यञ्जन वर्णको सहज चामत्कारिक संयोजन भएको छ भने व्यञ्जन वर्णको पनि आकर्षक प्रयोग भएको छ । यही चामत्कारिक रमणीय, मनमोहक संयोजन तलनादि वर्णविन्यास वक्रताको विशेषता हो । देवकोटाले आफूखुसी श्लोकका हरफमा ध्यान नदिएको भन्दा पनि वक्रोक्ति सौन्दर्यमा ध्यान पुऱ्याएको देखिन्छ । यस सन्दर्भले देवकाटा लहडी मात्र होइनन्, होसियार पनि ठहर्छन् ।

मैना गीतिकाव्यमा भेटिने अर्को तलनादि वर्णविन्यास वक्रताको दृष्टान्तका रूपमा:

के गल्छे आमा ! थुन्दछे ढोका ! त्यो सानु बुवाले ।

"हप्काउँछ मात्लै, हप्काउँछ मात्लै" ती आँसु धुवाँले (ङ:२) ।।

प्रस्तुत अभिव्यक्तिले देवर भाउजूको यौन क्रीडालाई छोरीबाट लुकाउने प्रयासलाई प्रस्तुत गरेको छ । सहज स्वाभाविक बाल बोलीको प्रयोग गरेर प्रसाद गुणको सम्बन्धलाई समेत देखाएको यस कवितांशमा

'त','थ','द','ध','न' को अद्‌भुत संयोग जुटेको छ । त्यस्तै 'ल' र 'स' व्यञ्जन वर्णको आवृत्तिले पनि चमत्कार उत्पन्न भएर तलनादि वर्णविन्यास वक्रता सृजना भई काव्य विशिष्ट बनेको छ ।

**रकारादि वर्णविन्यास वक्रता**

ओज गुणसँग सम्बन्धित रकारादि वर्णविन्यास वक्रतामा रेफ र 'ट' वर्गका 'य''र''ल''व' व्यञ्जन वर्णको आवृत्तिबाट उत्पन्न हुने वक्रता अर्थात् सौन्दर्य भन्ने बुझिन्छ । यस्ता प्रसङ्गहरूमैना गीतिकाव्यमा ठाउँ ठाउँमा भेटिन्छन् । दृष्टान्तका रूपमाः

एक मुट्ठी सच्चा ! एक मुट्ठी निर्मल ! नङ्गा छ परमेश्वर !
विना र बादल गर्जेला आकाश थर्केला थर् थर् थर् (खः३) ।।

यस अभिव्यक्तिमा थर्, थर्, थर् को 'र्' अनि निर्मल, गर्जेला, थर्केलाको रेफ साथै मुट्ठी, मुट्ठी पदको 'ट''ट' व्यञ्जन वर्णको आवृत्तिले चमत्कार प्रकट भएको छ। प्रस्तुत कवितात्मक अभिव्यक्तिले सम्भावित अनिष्टको सङ्केत गर्दै ईश्वरलाई नाङ्गो छ भन्दै भाइ भाइबिचको सम्बन्धलाई विना बादलको गर्जनका रूपमा प्रस्तुत गरेको छ ।

मैना गीतिकाव्यमा रकारादि वर्णविन्यास वक्रताको अर्को दृष्टान्तका रूपमाः

स्वर्गको राज्य बालकको हाँस्यो दिन ढल्की पछाडि ।
धर्म्मझैँ निर्म्मल आकाश खुल्यो ज्योतिको अगाडि (चः१२) ।।

माथिको उद्धरणमा रेफको आवृत्तिको वक्रताको पहिचान देखाएर सौन्दर्य भरिएको छ । ध्वंशपछि निर्माण जस्तो अर्थात् जस्तोसुकै अप्ठ्यारो परिस्थितिमा पनि जीवन अगाडि बढाउनै पर्छ भन्ने भाव प्रकट भएका यी सन्दर्भ काव्यको समापनका पङ्क्ति पनि हुन् ।

**यमक/यमकाभास वक्रता**

मैना गीतिकाव्यमा यमक तथा यमकाभास वक्रता पनि कहीँ कहीँ पाइन्छ । यस काव्यमा यस्ता वक्रता स्वाभाविक रूपमा प्रकट भएको अनुभूति हुन्छ । दृष्टान्तका रूपमाः

पाँच औँलाभरी पाँचरङ्गी बत्ती गन्धकतरङ्गी ।
पाँचौटा फेरी काँचुली हिँड्छु हर मेरो सब बङ्गी (कः२) ।।

माथिको कवित्वयुक्त अभिव्यक्तिमा पाँच, पाँचरङ्गी, पाँचौटा र रङ्गी, तरङ्गी, बङ्गी पदमा प्रयोग भएका व्यञ्जन वर्णले यमक/यमकाभास वक्रताको परिचय दिएका छन् । जसका कारण भाषिक रमणीयता प्रस्तुत हुनुका साथै लयमाधुर्य प्रभावपूर्ण बनेको छ ।

देवकोटाको मैनागीति काव्यमा पाइने यमकाभासवक्रताको अर्को दृष्टान्त यसप्रकार छः

त्यो दिनको राति दान गर्न भनी किनेका रङ्गीन ।
रेशमी सारी शृङ्गार भारी गरेर जतन (गः५) ।।

माथिको दृष्टान्तमा आएका दिन-दान, शृङ्गार-गरेर पदले सन्दर्भ अनुसार फरक फरक अवस्थाको प्रतिनिधित्व गरे पनि समान वर्णको प्रयोग भएकाले यमकाभास वक्रताको रूप ग्रहण गरेको छ ।जसका कारण प्रेममा शृङ्गारको महतत्वलाई चामत्कारिक ढङ्गले प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

प्रसिद्ध कथनभन्दा भिन्न प्रकारको विचित्र वर्णनशैली नै वक्रोक्ति हो । कुन्तकले वक्रोक्तिलाई कविकौशलको चामत्कारिक अभिव्यक्ति शैलीका रूपमा स्वीकार गरेका छन् । उनले वर्णविन्यासवक्रता, पदपूर्वार्धवक्रता, प्रत्ययवक्रता, वाक्यवक्रता, प्रकरणवक्रता र प्रबन्धवक्रता गरी छ किसिमका वक्रताको उल्लेख गरेका छन् । त्यसमध्ये वर्णविन्यास वक्रता पहिलो भेदले मूलतः व्यञ्जन वर्णमा आधारित तथा व्यञ्जनबाट बनेको अक्षरको कवित्वयुक्त अभिव्यक्तिमा हुने आवृत्तिद्वारा चमत्कार उत्पन्न गर्छ । अन्य आचार्यहरूले यसलाई अनुप्रासका रूपमा ग्रहण गरेको पाइन्छ । माधुर्य, ओज, प्रसाद गुणको वृत्तिलाई पनि वर्णविन्यास वक्रताभित्रै राख्न सकिन्छ भन्ने मत पनि पाइन्छ । कुन्तकका वर्णविन्यास वक्रताका भेदहरूलाई लक्ष्मीप्रसाद देवकोटाको मैना गीतिकाव्यको अध्ययन गर्दा सात भागमा बाँड्न सकिन्छ । जसमा एक वर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता,बहुवर्णविन्यास वक्रता, वर्गान्तयोगीस्पर्श वर्णविन्यास वक्रता, तलनादि वर्णविन्यास वक्रता, रकारादिवर्णविन्यास वक्रता,यमक/यमकाभास वक्रता पर्दछन् । वर्णविन्यास वक्रता सहज, सरल, स्वाभाविक रूपमा प्रकट हुनु पर्छ । यसले विषय, भाव, प्रस्तुतिलाई प्रभावकारी बनाउनु पर्छ । मैना वर्णविन्यास वक्रताको भरपुर प्रयोग गरिएको स्वच्छन्दतावादी प्राकृत काव्य हो । वर्गान्तयोगीस्पर्श वर्णविन्यास वक्रताका सन्दर्भहरू केही कम भए पनि अन्य वर्णविन्यास वक्रताको प्रयोग प्रचुर रहेको छ । तलनादि वर्णविन्यास वक्रताको सृजना त लहडी भनिने देवकोटाले पनि होसियारीपूर्वक छ हरफे श्लोक बनाएर गरेका छन् । वर्णविन्यास वक्रताका दृष्टिले हेर्दा मैना सहज वर्ण चमत्कारका कारण भाषिक रमणीयता, लयमाधुर्य, श्रुतिसौन्दर्य आदि विशेषताले भरिएको आत्मिक प्रेमको नैतिक सन्देश दिने उत्कृष्ट गीतिकाव्य बनेको छ ।

## सन्दर्भ सामग्री


अधिकारी, टीकाराम (२०५०).*महाकवि कालिदास.* (द्वि.संस्क).साझा प्रकाशन ।

अवस्थी, महादेव (२०६१). *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता.*एकता बुक्स ।

कुन्तक (सन् २००८).*वक्रोक्तिजीवितम्.* चौखम्बा संस्कृत प्रतिष्ठान ।

देवकोटा, लक्ष्मीप्रसाद (२०३९). *मैना.* (सम्पा. वासुदेव त्रिपाठी र ठाकुरप्रसाद पराजुली). नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

नगेन्द्र. (सम्पा.). (सन् १९९५). *हिन्दी वक्रोक्तिजीवित.* दिल्ली विश्वविद्यालय ।

मम्मट (२०६४). *काव्यप्रकाश.* (पु.मु.). चौखम्बा संस्कृत संस्थान ।

रिसाल, राममणि (२०५८). *नेपाली काव्य र कवि.*(पाँ.संस्क.). साझा प्रकाशन ।

रुद्रट (सन् २०१०).*काव्यालङ्कार.*(पु.मु.). चौखम्बा विद्याभवन ।

विश्वनाथ (सन् २००९). *साहित्यदर्पण.* (पु.मु.). मोतीलाल बनारसीदास ।

सहाय, राजवंश (सन् २००२). *संस्कृत साहित्य कोश.* (च.संस्क.). चौखम्बा विद्या भवन ।